# फिदिम राजपत्र

## फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ फिदिम,पाँचथर भदौ १७ गते २०८२ संख्याः ३

**भाग-२**

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फिदिम पाँचथरको सूचना**

**"फिदिम नगरपालिका विपद् जोखिम व्यवस्थापन निर्देशिका, २०७६ " लाई संशोधन गर्न बनेको पहिलो संशोधन निर्देशिका, २०८२**

**फिदिम नगरपालिका विपद् जोखिम व्यवस्थापन निर्देशिका, २०७६ " लाई संशोधन गर्न बनेको (पहिलो संशोधन) निर्देशिका, २०८२**

**प्रस्तावनाः** फिदिम नगरपालिका विपद् जोखिम व्यवस्थापन निर्देशिका, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

फिदिम नगरपालिका विपद् जोखिम व्यवस्थापन निर्देशिका, २०७६ को दफा ११ को अधिकार प्रयोग गरी फिदिम नगरपालिका, नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ।

**परिच्छेद–१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**(१) यस निर्देशिकाको नाम "फिदिम नगरपालिका विपद् जोखिम व्यवस्थापन निर्देशिका, २०७६ " लाई संशोधन गर्न बनेको पहिलो संशोधन निर्देशिका, २०८२ " हुनेछ।

**(२)** यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ।

**२.** परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क)"मूल निर्देशिका भन्नाले " फिदिम नगरपालिका विपद् जोखिम व्यवस्थापन निर्देशिका, २०७६ लाई सम्झनुपर्दछ।

**परिच्छेद २**

**निर्देशिकामा संशोधन**

**३. मूल निर्देशिकाको दफा २ को खण्ड "ख" मा संशोधनः** मूल निर्देशिकाको दफा २ को खण्ड "ख" को सट्टा देहायको दफा २ खण्ड (ख) राखिएको छ।

(ख)"समिति वा विपद् व्यवस्थापन समिति भन्नाले दफा ४ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ।

**४. मूल निर्देशिकाको दफा ४ मा संशोधनः** मूल निर्देशिकाको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ।

"४.विपद् व्यवस्थापन समिति गठनः फिदिम नगरपालिका स्तरीय स्थानीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम गरिनेछ :

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) नगर उपप्रमुख | सदस्य |
| (ग) संयोजक, वातावरण तथा विपद् व्यवस्थापन समिति | सदस्य |
| (घ) जिल्ला प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |

(ङ) नेपाल रेडक्रस सोसाईटी, निजी क्षेत्र, स्थानीय गै.स.स, सामुदायिक संस्था, समाजसेवी, बुद्धिजीवीहरु मध्ये समितिले तोकेको महिला र दलित सहित ३ जना सदस्य

(च) उद्योग वाणिज्य संघका प्रतिनिधि सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ज) प्रमुख, वातावरण तथा विपद्व्यवस्थापन शाखा सदस्य सचिव ”

**५. मूल निर्देशिकाको दफा ५ मा संशोधनः** मूल निर्देशिकाको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ।

“**५.** समितिको काम कर्तव्य अधिकारः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ को उपदफा (२) र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ को नियम ८ को उपनियम (१) को अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क) जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय तथा योजना कार्यान्वयनमा सहकार्य र सहजीकरण गर्ने।

(ख) टोल स्तरमा गठन भएका टोल विकास संस्था, समिति, समूह, युवा क्लबहरुलाई नगरपालिकासँग आबद्धता गराई विपद् वस्थापनमा समेत संलग्न गराउने।

(ग) विपद् व्यवस्थापन लगायत सामाजिक कार्यमा सक्रिय गैर सरकारी संघ संस्था र अन्य सरोकारवालाहरूसँग विपद् व्यवस्थापनमा सहभागितामूलक अभ्यास गर्ने।

(घ) नगर स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि समितिले आवश्यक ठहराएका अन्य काम गर्ने।

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने गराउने।”

**६. मूल निर्देशिकाको दफा ६ मा संशोधनः** मूल निर्देशिकाको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ।

“६. कोषः (१) यस निर्देशिकाको अधिनमा रही विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न स्थानीय विपद् व्यवस्थापन समितिको खाता कोषका रूपमा “ फिदिम नगरपालिका प्रकोप व्यवस्थापन कोष ” (ग७.२) नामक एक खाता रहनेछ।

(२) उपदफा (१) बमोजिमको खातामा फिदिम नगरपालिका प्रकोप व्यवस्थापन कोष सञ्चालन तथा परिचालन कार्यविधि, २०८१ को दफा ५ बमोजिमको आम्दानी बाधिनेछ।

(२) कोष सञ्चालन, व्यवस्थापन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तथा प्रचलित कानुन बमोजिम हुनेछ।”

**७. मूल निर्देशिकाको दफा ७ मा संशोधनः** मूल निर्देशिकाको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ।

“ **७. समितिको बैठक तथा सचिवालय सम्बन्धी व्यवस्थाः** (१) समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) समितिको बैठक समितिका अध्यक्षले आह्वान गरेको मिति, समय र स्थानमा बस्ने छ।

(ख) समितिको बैठकका लागि ५१% सदस्यको उपस्थिति लाई गणपुरक संख्या मानिने छ ।

(ग) समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

(घ) समितिका पदाधिकारीले बैठक बसेको दिन नगर कार्यपालिका सदस्यले पाउने सरह बैठक भत्ता पाउने छन् ।

(२) कार्यालयको वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी शाखाले समितिको सचिवालयको काम गर्नेछ ।"

८. **मूल निर्देशिकाको दफा ८ मा संशोधनः** मूल निर्देशिकाको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ ।

"**८. योजना तर्जुमा :** योजना तर्जुमाका लागि बिज्ञहरु सम्मिलित कार्यदल गठन गर्न सकिनेछ । फिदिम नगरपालिकाको विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गर्दा तपसिलका विषय र प्रकृया अवलम्वन गरिनेछः

(क) विपद्का कारण र क्षतिको विवरण अनुसूची १ बमोजिम विश्लेषण हुनेछ ।

(ख) सङ्कटासन्नता र क्षमता बिश्लेषण औजारहरुको प्रयोग अनुसुची २ बमोजिम हुनेछ ।

(ग) समुदाय तथा वडाहरुको सङ्कटासन्नता तथा क्षमता बिश्लेषण अनुसूची ३ बमोजिम हुनेछ ।

(घ) सङ्कटासन्नता, क्षमता तथा जोखिम बिश्लेषण प्रतिवेदन तयारी अनुसूची ४ बमोजिम हुनेछ ।

(ङ) जोखिम व्यवस्थापन क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण अनुसुची ५ बमोजिम हुनेछ ।

(च) स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा अनुसूची ६ बमोजिम हुनेछ ।"

९. **मूल निर्देशिकाको अनुसूचीमा संशोधनः**

**मूल निर्देशिकाको दफा ४ सँग सम्बन्धित अनुसूची १ को सट्टा देहायको दफा ४ सँगको अनुसूची १ राखिएको छ ।**

**अनुसूची- १**

(दफा ४ सँग सम्बन्धित)

**स्थानीय विपद्‍ व्यवस्थापन समितिको संरचना, काम, कर्तव्य तथा अधिकार**

**१.१ स्थानीय विपद् व्यवस्थापन समितिको गठन**

१. नगर प्रमुख - अध्यक्ष

२. नगर उप-प्रमुख – सदस्य

३. वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक – सदस्य

४. सामाजिक विकास समितिका संयोजक – सदस्य

५. आर्थिक विकास समितिका संयोजक – सदस्य

६. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

७. पुर्वाधार विकास शाखा प्रमुख- सदस्य

८. वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख – सदस्य
९. नेपाल रेडक्रस सोसाइटी जिल्ला सभापती- सदस्य
१०. उद्योग वाणिज्य संघ अध्यक्ष – सदस्य
११. जिन्सि शाखा प्रमुख – सदस्य सचिव
नोटः स्थानीय विपद् व्यवस्थापन समितिको बैठकमा विपद् प्रभावित वडाको वडा अध्यक्षलाई आमन्त्रण गर्न सकिनेछ।

## १.२ नगर स्तरीय विपद व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार

विपद्व्यवस्थापन राष्ट्रिय रणनीतिले समेत स्थानीय विपद्व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ।

स्थानीय विपद्व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :

• नगरपालिका क्षेत्रको विपद्व्यवस्थापन योजना तर्जुमा कार्यान्वयन र अनुगमन गर्ने,
• जिल्ला विपद् व्यवस्थापन समिति र गाउँस्तरमा गठन हुने विपद् व्यवस्थापन सम्बन्धी अन्य समिति तथा उपसमितिलाई सहयोग पुऱ्याउने,
• नगरपालिका तथा वडास्तरका कर्मचारी, नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिलाई विपद्सम्बन्धी तालिम, प्रशिक्षण दिने वा दिने व्यवस्था मिलाउने,
• विपद् व्यवस्थापनका लागि नगर स्तरीय प्रकोप व्यवस्थापन कोषको स्थापना, सञ्चालन र आर्थिक तथा जिन्सी सहयोगका लागि विपद्बाट पुर्ण रुपमा क्षति भएका घर धुरीलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि बमोजिम व्यवस्था मिलाउने,
• नगरपालिकाको भौतिक संरचना निर्माण प्रक्रियामा सरकार तथा जिल्ला स्तरबाट लागू भएका नीतिनिर्देशन कार्यान्वयन गर्ने/गराउने,
• सबै सरोकारवालाको सहभागितामा विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुर्नस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने
• विपद् प्रभावित क्षेत्रमा उद्धार, राहतको व्यवस्था गर्ने,
• विपद्बाट विस्थापित समुदायलाई पुर्नस्थापना गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

• सामुदायिक प्रकोप व्यवस्थापन समितिहरूलाई नगरपालिकामा आबद्ध गराई तिनको सूची कायम गरी समितिहरूका कार्यक्रमलाई सघाउने,

• विपद व्यवस्थापन सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धिका कार्य गर्ने/ गराउने,

• स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित नेपाल कानुन बमोजिम सरकार, जिल्ला दैवी प्रकोप तथा उद्धारसमिति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र दातृ निकायसँग समन्वय गरी विपद व्यवस्थापनका लागि आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्नु पर्नेछ।

१०. मूल निर्देशिकाको अनुसूची ४ मा भएका “(दफा ८ (ख) सँग सम्बन्धित) विपद्का कारण र क्षतिको विवरण(विगत २५ वर्ष र पछिल्लो ५ वर्षको)” भन्ने शब्दहरुको सट्टा “अनुसूची –१ (दफा ८ (क) सँग सम्बन्धित) विपद्का कारण र क्षतिको विवरण (पछिल्लो ५ वर्षको)” भन्ने शब्दहरू राखिएका छन्।

११. मूल निर्देशिकाको अनुसूची ५ मा भएका “अनुसूची–५ (दफा ८ (ग) सँग सम्बन्धित) सङ्कटासन्नता र क्षमता विश्लेषण औजारहरू” भन्ने शब्दहरूको सट्टा ““अनुसूची–२ (दफा ८ (ख) सँग सम्बन्धित)सङ्कटासन्नता र क्षमता विश्लेषण औजारहरू” भन्ने शब्दहरू राखिएका छन् ।

१२. मूल निर्देशिकाको अनुसूची ६ मा भएका “अनुसूची–६ (दफा ८ (घ) सँग सम्बन्धित)समुदाय तथा वडाहरुको सङ्कटासन्नता तथा क्षमता विश्लेषण” भन्ने शब्दहरूको सट्टा “अनुसूची–३ (दफा ८ (ग) सँग सम्बन्धित) समुदाय तथा वडाहरुको सङ्कटासन्नता तथा क्षमता विश्लेषण” भन्ने शब्दहरू राखिएका छन् ।

१३. मूल निर्देशिकाको अनुसूची ७ मा भएका “अनुसूची–७ (दफा ८ (ङ) सँग सम्बन्धित)सङ्कटासन्नता, क्षमता तथा जोखिम विश्लेषण प्रतिवेदनको नमूना” भन्ने शब्दहरूको सट्टा “अनुसूची–४ (दफा ८ (घ) सँग सम्बन्धित) सङ्कटासन्नता, क्षमता तथा जोखिम विश्लेषण प्रतिवेदनको नमूना” भन्ने शब्दहरू राखिएका छन् ।

१४. मूल निर्देशिकाको अनुसूची ८ मा भएका “अनुसूची– ८ (दफा ८ (च) सँग सम्बन्धित) जोखिम व्यवस्थापन क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण ” भन्ने शब्दहरूको सट्टा “अनुसूची–४ (दफा ८ (घ) सँग सम्बन्धित) सङ्कटासन्नता, क्षमता तथा जोखिम विश्लेषण प्रतिवेदनको नमूना” भन्ने शब्दहरू राखिएका छन् ।

१५. मूल निर्देशिकाको अनुसूची ९ मा भएका “अनुसूची– ९ (दफा ८ (छ) सँग सम्बन्धित) स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको ढाँचा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना (Local Disaster Risk Management Plan Template)” भन्ने शब्दहरूको सट्टा “अनुसूची– ६ (दफा ८ (च) सँग सम्बन्धित) स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको ढाँचा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना (Local Disaster Risk Management Plan Template)” भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले
कुमार प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत